# बाह्रविसे नगरपालिका

## बाह्रविसे, सिन्धुपाल्चोक
## वागमती प्रदेश, नेपाल

### बाह्रविसे नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

प्रस्तावनाः बाह्रविसे नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर (राजश्व) संकलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) बमोजिम बाह्रविसे नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "बाह्रविसे नगरपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि बाह्रविसे नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र अशुल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)ः** बाह्रविसे नगरपालिका क्षेत्रका जग्गाहरूको अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र अशुल उपर गरिनेछ ।

४. **घर/जग्गा वहाल करः** बाह्रविसे नगरपालिका क्षेत्रका कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र अशुल गरिनेछ ।

५. **व्यवसाय कर (दर्ता/नवीकरण)ः** बाह्रविसे नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूचि (४) बमोजिम व्यवसाय कर (व्यवसाय दर्ता/नवीकरण) लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** बाह्रविसे नगरपालिकामा दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र अशुल उपर गरिनेछ ।

७. **विज्ञापन करः** बाह्रविसे नगरपालिका क्षेत्रमा हुने विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र अशुल उपर गरिनेछ ।

८. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

९. **बहाल बिटौरी शुल्कः** बाह्रविसे नगरपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र अशुल उपर गरिनेछ ।

१०. **ट्रेकिङ्ग, कायाकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाइग् र न्याफ्टीङ्ग शुल्कः** बाह्रविसे नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाइग् र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (९) बमोजिमको शुल्क लगाइने र अशुल उपर गरिनेछ ।

११. **सेवा शुल्क, दस्तुरः** बाह्रविसे नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१०) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र अशुल उपर गरिनेछ ।

१२. **पर्यटन शुल्कः** बाह्रविसे नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (११) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **जडिबुटी, कवाडी र जीवजन्तु करः** बाह्रविसे नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले रूख, काठ, बाँस, ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (१२) बमोजिमको कर लगाइने र अशुल उपर गरिनेछ ।

१४. **ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल, रोडा दहत्तर बहत्तर शुल्कः** बाह्रविसे नगरपालिका क्षेत्र भएर बग्ने भोटेकोशी तथा अन्य नदी/खोलाको क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल, रोडा, दहत्तर बहत्तरको संकलन, उत्खनन्, बिक्री शुल्क अनुसूची-१३ मा भएको व्यवस्था बमोजिमको दररेटमा असुल उपर गरिनेछ ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बाह्रविसे नगरकार्यपालिकाले तोके अनुसार हुने छ ।

१६. **कर छुट :** (१) बाह्रविसे नगरपालिकाले प्राकृतिक विपद (भूकम्प/बाढीपहिरो/आगलागी जस्ता विपद्) को अवस्थामा यस विधेयक बमोजिम लाग्ने वा लागेको कर तथा गैह्रकर राजश्व/सेवा शुल्क, दस्तुरमा छुट दिनुपर्ने आधार/ प्रमाण सहित कारण खुलाई निवेदन प्राप्त भएकोमा छुट दिन बाह्रविसे नगर कार्यपालिका बैठकद्वारा उचित ठहरिएमा बाह्रविसे नगर कार्यपालिका बैठकको निर्णयको आधारमा हालको दररेटको ८०% सम्म छुट दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको छुट वा मिनाहा दिंदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(३) नेपाल सरकार वा प्रदेश सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोवारमा कर नलाग्ने व्यवस्था गरेकोमा नगरपालिकाले तत्-तत् निकायसँग समन्वय गरी कर छुट सम्बन्धी व्यवस्थाको पालना गर्ने, गराउनेछ ।

(४) उपदफा (१) बमोजिम कर तथा गैह्रकर राजश्व छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यसपछि बस्ने सभाको पहिलो वैठकमा पेश गर्नुपर्नेछ ।

(५) बार्षिक रूपमा तिर्नुपर्ने सम्पत्ति कर सोही आर्थिक वर्षको आश्विन मसान्त भित्र दाखिला गर्ने करदातालाई नियमानुसार लाग्ने राजश्वको १० प्रतिशत सम्म छुट दिईनेछ ।

(६) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कूटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस विधेयक बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण* : लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पत्ताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालय, बालगृह, अनाथाश्रम, वृद्धाश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(७) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महशुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर, स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुरयाउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१७. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन** : (१) नगरपालिकाले गरेको कर, शुल्क, महशुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहने छैन ।

(३) उपदफा (१) बमोजिम पुनरावलोकनको लागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानवीन तथा निर्णय गरी सम्बन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकेको समयमा यस दफा बमोजिम प्रशासकीय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपूर्ति दिनु पर्नेछ ।

**१८. ठेक्का आह्वान गर्न सक्नेः** (१) यस विधेयक बमोजिम संकलन गर्ने शुल्क/दस्तुर नगर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्न सक्नेछ ।

तर, आन्तरिक आय बृद्धि हुने देखिएमा वा पटक-पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिंदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतया, आर्थिक वर्ष शुरू हुनु भन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतया, ठेक्का बन्दोबस्त गरिने छैन । तर, जडिबुटी, कवाडी र जीवजन्तु कर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा नगर कार्यपालिकाको निर्णय गराई ठेक्काबाट संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बाह्रविसे नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ र पट्टा, कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरू अर्को व्यवस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ (संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

**१९. सहयोग गर्नुपर्नेः** संघीय तथा प्रदेश सरकारका कार्यालयहरूले नगरपालिकाको राजश्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

**२०. प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेः** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्वन गर्नुपर्नेछ ।

**२१. यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनुअघि भए/गरेका व्यवस्थाहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**२२. साविक बमोजिम हुनेः** यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साविक बमोजिम नै हुने छ ।

**२३. कार्यविधि बनाउन सक्नेः** (१) विधेयकको उद्देश्य कार्यान्वयन गर्नको लागि बाह्रविसे नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भएपछि लागु हुनेछ ।

२४. **प्रचलित कानून बमोजिम हुनेः** यस विधेयकमा उल्लेख गरिएका विषयहरूमा यसै बमोजिम हुने र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२५. **बाध अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा बाह्रविसे नगरपालिका नगरकार्यपालिकालाई बाध अड्काउ फुकाउने अधिकार रहने छ ।

२६. **खारेजीः** साबिकमा बाह्रविसे नगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरू यस ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुने छन् ।

**अनुसूची– १**

**(दफा २ संग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२८(२) बमोजिम**

**सम्पत्ति कर (घर-जग्गा) र भूमि कर**

२. सम्पत्ति कर र घरजग्गा कर निम्न अनुसारको दररेटमा लगाइने र असुल उपर गरिनेछ ।

**२.क) सम्पत्ति कर**

| सि.नं. | करयोग्य सम्पत्तिको मूल्य | सीमा | | आ.व. | आ.व. |
|---|---|---|---|---|---|
| | | न्यूनतम | अधिकतम | २०८१/०८२ | २०८२/०८३ |
| १ | रु. ५ लाखसम्म | २५ | २०० | रू. १००।- | रू. १००।- |
| २ | रु. ५ लाख १ देखि १० लाखसम्म | | | रू. १५०।- | रू. १५०।- |
| ३ | रु. १० लाख १ देखि २० लाखसम्म | २५० | ४०० | रू. २००।- | रू. २००।- |
| ४ | रु. २० लाख १ देखि ३० लाखसम्म | ५०० | १००० | रू. २५०।- | रू. २५०।- |
| ५ | रु. ३० लाख १ देखि ४० लाखसम्म | १५०० | ३००० | रू. ३००।- | रू. ३००।- |
| ६ | रु. ४० लाख १ देखि ५० लाखसम्म | | | रू. ३५०।- | रू. ३५०।- |
| ७ | रु. ५० लाख १ देखि ७० लाखसम्म | ३५०० | १०००० | रू. ५००।- | रू. ५००।- |
| ८ | रु.१ देखि १.५ करोडसम्म | | | रू. १५००।- | रू. १५००।- |
| ९ | रु.१.५ करोड देखि २ करोडसम्म | | | रू. २०००।- | रू. २०००।- |
| ११ | रु. २ करोड १ देखि ३ करोडसम्म | १२००० | २०००० | रू. ३०००।- | रू. ३०००।- |
| १२ | रु. ३ करोड १ देखि ५ करोडसम्म | | | रू. ५०००।- | रू. ५०००।- |
| १३ | रु. ५ करोड भन्दा माथि | | | ०.१५प्रतिशत | ०.१५प्रतिशत |

द्रष्टव्यः एकीकृत सम्पत्ति कर प्रयोजनमा सामेल हुन स्वःघोषित हुन आउने करदाताहरूलाई आर्थिक वर्ष २०८१/०८२ भन्दा अघि (अर्थात्, २०८०/०८१) सम्मको लाग्ने सम्पत्ति कर पूरै मिनाहा गरिने छ। पुनश्च, अन्तर्राष्ट्रिय मुलुकमा अध्ययन गर्न जान चाहने नेपाली विद्यार्थीहरूको प्रयोजनको लागि

एकीकृत सम्पति करमा ४०% छुट दिईनेछ । सोको लागि त्यस्तो विद्यार्थीको राहदानी वा सम्बन्धित वडा कार्यालयबाट प्रमाणित फोटोकपी अनिवार्य पेश गर्नुपर्ने छ ।

२.ख) घर (धुरी) कर

| सि.नं. | बनावट | २०८१/०८२ | २०८२/८३ |
|---|---|---|---|
| २.१ | RCC/RBC ढलान घरको पहिलो तल्ला रू. | ३००।- | ३००।- |
| | पहिलो तल्ला भन्दा माथि प्रति तल्ला थपमा रू. (RCC/RBC ढलान घरमा जस्ताको वा टायलको छाना राखिएमा ढलान सरह मानिनेछ) | ५०।- | ५०।- |
| २.२ | RCC/RBC बिनाको जस्ताको वा टायलको छाना भएको पक्की घर रू | २५०।- | २५०।- |
| २.३ | ढुङ्गा, माटोले बनेको जस्ता/टायलको छाना भएको कच्ची घर | १००।- | १००।- |
| २.४ | ब्लकले बनेको वा प्रिफ्यावबाट बनेको घर रू | १००।- | १००।- |

**अनुसूची– २**

(दफा ३ संग सम्बन्धित)

**नेपालको संविधानको धारा २२८(२) बमोजिम**

**३. भूमि कर (मालपोत)**

| सि.नं. | जग्गाको प्रकार/स्तर | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| १ | अरनिको राजमार्गमा जोडिएको जग्गा- १ (एक) रोपनी अर्थात् ५०८.७४ व.मी.सम्मको | ४५०।- | ७५।- |
| | १ (एक) रोपनी भन्दा बढीमा प्रति रोपनीमा थप | १००।- | २०।- |
| २ | कालोपत्रे /पक्की सडकमा जोडिएको जग्गा- १ (एक) रोपनी अर्थात् ५०८.७४ व.मी.सम्मको | ४००।- | ५०।- |
| | १ (एक) रोपनी भन्दा बढीमा प्रति रोपनीमा थप | ५०।- | १५।- |
| ३ | अन्य जग्गा- १ (एक) रोपनी अर्थात् ५०८.७४ व.मी.सम्मको | १५० | ३०।- |
| | १ (एक) रोपनी भन्दा बढीमा प्रति रोपनीमा थप | ५।- | १०।- |

द्रष्टव्यः अरनिको राजमार्गको दुई सय मिटर दायाँबायाँको जग्गाको कित्ता र कालोपत्रे/पक्की सडकको एक सय मिटर दायाँबायाँको जग्गाको कित्ताको पहिचान सम्बन्धित वडाका वडाध्यक्षको संयोजकत्वमा सम्बन्धित वडा हेर्ने अमिन र सम्बन्धित वडाका वडासचिव भएको समितिले गर्नेछ ।

**पुनश्चः भूमिकर (मालपोत) प्रत्येक आर्थिक वर्ष भित्र बुझाउनु पर्नेछ । अन्यथा विलम्ब शुल्क १ वर्षपछि १०%, ३ वर्षपछि १५% र ४ वर्षपछि २५% र सो भन्दा माथि ३५% लाग्नेछ ।**

## अनुसूची– ३
(दफा ४ संग सम्बन्धित)
**नेपालको संविधानको धारा २२८(२) बमोजिम**

**४. घर/जग्गा वहाल करका दरहरू**

| सि. नं. | नगर क्षेत्रभित्र लगाईने घरजग्गा बहाल करको विवरण | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|
| १ | नगर क्षेत्रभित्रका व्यक्तिगत/संस्थागत घर, फ्ल्याट, कोठा, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, (छप्पर), कारखाना, पोखरी तथा जग्गा विभिन्न प्रयोजनका लागि भाडा तथा लिजमा लगाएकोमा दुई पक्षीय बहाल (भाडा) सम्झौता गरिएको रकमको | १० प्रतिशत | १० प्रतिशत |

## अनुसूची– ४
(दफा ५ संग सम्बन्धित)
**नेपालको संविधानको धारा २२८(२) बमोजिम**

**५. व्यवसाय करका दरहरू**

**५.१. व्यापारिक वस्तुः मदिरा तथा अन्य पेय पदार्थ (धुम्रपान, खैनी, गुड्खा समेत) व्यवसाय**

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | सबै प्रकारको मदिरा, चुरोट, खैनी/सुर्ती तथा अन्य पेय पदार्थको थोक/खुद्रा पसल | ७०००।- | ७०००।- | ७०००।- | ७०००।- |
| ख) | मदिरा तथा अन्य पेय पदार्थको खुद्रा पसल | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ग) | चुरोट, खैनी/सुर्ती/पान पसल | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |

**५.२ व्यापारिक वस्तुः दैनिक उपभोग्य वस्तु व्यवसाय**

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | All Pasal/डिपार्टमेन्टल स्टोर | १००००।- | १००००।- | १००००।- | १००००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) | खाद्यान्न पदार्थका अतिरिक्त मदिरा,चुरोट, खैनी, सूर्ती समेतको डिलर/थोक/खुद्रा पसल | ८०००।- | ८०००।- | ८०००।- | ८०००।- |
| ग) | खाद्यान्न तथा किराना पसल एवम् तयारी खाद्य पदार्थ | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| घ) | मसला पसल | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ङ) | फलफूल, तरकारी लगायत अन्य | २०००।- | २०००।- | २०००।- | २०००।- |
| च) | फलफूल वा तरकारी (कुनै एक) (जुस समेत) | १५००।- | १५००।- | १५००।- | १५००।- |
| छ) | डेरी वस्तु खरिद, बिक्री | २०००।- | २०००।- | २०००।- | २०००।- |

५.३. व्यापारिक वस्तुः कपडा, जुत्ता, चपल व्यवसाय

| क्र.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | तयारी कपडा (रेडिमेड फेन्सी), थान कपडा, सिरड, डस्ना, तकिया र तयारी जुत्ता, चप्पल समेतको पसल | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ख) | थान कपडा, सिरक, डसना, तकियाका अतिरिक्त झ्याल, ढोका फर्निसिङ्ग सबै किसिमको लत्ता कपडा खरिद, बिक्री पसल | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ग) | थान कपडा, तयारी सिरक, डसना, तकिया पसल | २५००।- | २५००।- | २५००।- | २५००।- |
| घ) | अन्य लत्ताकपडा पसल | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ङ) | रेडिमेड जुत्ता, चप्पल पसल | २५००।- | २५००।- | २५००।- | २५००।- |
| च) | छाला जुत्ता, चप्पल पसल (स्थानीय स्तरमा निर्माण/मर्मत) | १५००।- | १५००।- | १५००।- | १५००।- |

५.४. व्यापारिक वस्तुः निर्माण सामाग्री व्यवसाय

| क्र.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | सिमेन्ट, रड, जस्तापाता, हिलटैंक, | ७०००।- | ७०००।- | ७०००।- | ७०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | तारजाली, प्लाष्टिक, पाइप, रंगरोगन र विद्युतीय सामाग्री समेतको हार्डवेयर पसल | | | | |
| ख) | सिमेन्ट, रड, कर्कटपाता, तारजाली, प्लाष्टिक, पायप, आदि निमार्ण सामग्री र विद्युतीय सामाग्री समेतको हार्डवेयर पसल | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |

५.५. व्यापारिक वस्तुः ईलेक्ट्रिकल/ईलेक्ट्रोनिक्स वस्तु व्यवसाय

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | कम्प्यूटर पसल/टि.भि.विद्युतीय सामान (बिक्री र मर्मत समेत) पसल | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ख) | भिडियो, अडियो सीडी, डेक, रेडियो, क्यासेट प्लेयर, क्यामेरा मोवाइल र सोका पार्टपुर्जा पसल (बिक्री तथा मर्मत समेत) | २५००।- | २५००।- | २५००।- | २५००।- |

५.६. व्यापारिक वस्तुः स्टेशनरी पसल व्यवसाय

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | स्टेशनरी पसल (सबै प्रकारका पुस्तकहरू, पत्रपत्रिका, लेख रचनाहरू एवम् खेलकुद सामग्रीहरू समेत) | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ख) | अन्य स्टेशनरी पसल | १५००।- | १५००।- | १५००।- | १५००।- |

५.७. व्यापारिक वस्तुः अन्य व्यवसाय

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | व्युटी पार्लर (श्रृंगार सामग्री तथा तालिम समेत) | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ख) | कस्मेटिक पसल | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ग) | फोटो स्टुडियो (कलर ल्याव समेत) | २५००।- | २५००।- | २५००।- | २५००।- |
| घ) | शैलुन पसल | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ङ) | सिलाई कटाई पसल (तालिम समेत) | २५००।- | २५००।- | २५००।- | २५००।- |
| च) | पशु बधशाला | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| छ) | मासु पसल/फ्रेस हाउस मासु बिक्री | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ज) | पुल हाउस | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| झ) | सिसा, प्लाईउड पसल | २०००। | २०००।- | २०००। | २०००।- |
| ञ) | भाँडाकुँडा पसल (किचेन सामग्री) | ३०००। | ३०००। | ३०००। | ३०००।- |
| ट) | खेलौना, उपहार (गिफ्ट) पसल | २५००।- | २५००।- | २५००।- | २५००।- |
| ठ) | होजियारी ऊनी धागो पसल | १०००।- | १०००।- | १०००। | १०००।- |
| ड) | गुड्खा, पान पसल | १५००। | १५००।- | १५००। | १५००।- |
| ढ) | कृषि बिउ बिजन, भेटनरी पसल | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ण) | कृषि पशु दाना बिक्री पसल | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| त) | सुन, चाँदी पसल (मर्मत, खरिद, बिक्री समेत) | ६०००। | ६०००। | ६०००।- | ६०००।- |
| थ) | फर्निचर सामान निर्माण, मर्मत र बिक्री | ४०००। | ४०००।- | ४०००। | ४०००।- |
| द) | पेट्रोलियम पदार्थ बिक्रेता (पेट्रोल पम्प) | ८०००। | ८०००।- | ८०००। | ८०००।- |
| ध) | कृषि मेशिनरी उपकरण सप्लायर्स | २५००। | २५००।- | २५००। | २५००।- |
| न) | यान्त्रिक तथा मेशिनरी उपकरण पसल | ५०००। | ५०००।- | ५०००। | ५०००।- |

५.८. व्यापारिक वस्तुः सवारी साधन बिक्रेता व्यवसाय

| क.सं. | वस्तुहरू | आ.व. २०८१/०८२ | | आ.व. २०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | सबै प्रकारका सवारी साधन (बस, ट्रक, ट्रयाक्टर, कार, जीप, टेम्पो बिक्रेता) | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ख) | मोटर साईकल, साईकल बिक्रेता | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

### ५.९. निर्माण व्यवसाय ईजाजात पत्र

| क्र.सं. | “घ"-वर्गको निर्माण व्यवसाय इजाजत | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| क) | “घ"-वर्गको निर्माण व्यवसाय इजाजत पत्र दर्ता | १२०००।- | १२०००।- |
| ख) | “घ"-वर्गको निर्माण व्यवसाय इजाजत पत्र नवीकरण | ६०००।- | ६०००।- |
| ग) | “घ"-वर्ग निर्माण व्यवसाय इजाजत पत्र नामसारी दर्ता | २०००।- | २०००।- |
| घ) | “घ"-वर्गको निर्माण व्यवसाय इजाजत पत्र प्रतिलिपी | २०००।- | २०००।- |
| ङ) | असोज मसान्त पछि देखि चैत्र मसान्त भित्र नवीकरण थप दस्तुर (विलम्व) | ६०००।- | ६०००।- |

पुनश्चः *प्रत्येक असोज मसान्तभित्र नविकरण गराइसक्नु पर्ने । तत् पश्चात् चैत्र मसान्त भित्र नविकरण शुल्क दोब्बर लाग्नेछ ।प्रत्येक चालू आ.व.को चैत्र मसान्तभित्र नविकरण नगराएमा दर्ता खारेज हुनेछ । पुनःदर्ता गर्न, दर्ता शुल्क र विलम्ब शुल्कको योगफल रकमको दोब्बर शुल्क लाग्ने छ ।*

### ५.१०. ढुङ्गा/पत्रे ढुङ्गा व्यवसाय

| क्र.सं. | व्यवसाय | आ.व.२०८१/०८२ | आ.व.२०८२।०८३ |
|---|---|---|---|
| क) | खानी दर्ता/सूचिकृत शुल्क रू. | १००००।- | १२०००।- |
| ख) | खानी दर्ता नवीकरण शुल्क | ५०००।- | ६०००।- |

### ५.११. ट्रेकिङ, कोयोकिङ, क्यानोईङ, बन्जी जम्पिङ, जिपफ्लायर र रयाफ्टिङ शुल्क/दस्तुर

| क्र.सं. | वस्तु तथा सेवाहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| क) | रयाफ्टिङ शुल्क | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ख) | रकम क्लाइम्बिङ | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ग) | पार्क,पिकनिक स्पट | १०००।- | १०००।- | १०००।- | १०००।- |
| घ) | क्यासिनो | ५०,०००।- | ५००००।- | ५००००।- | ५००००।- |
| ङ) | टुर अप्रेटर | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

### ५.१२. बिशेषज्ञ, परामर्श तथा अन्य व्यावसायिक सेवा

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | चिकित्सक, कविराज, इन्जिनियर, कानून व्यवसायी/कानूनी सेवा/ल फर्म, लेखा परिक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्श दाता, कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर, बीमा एजेन्ट, सर्भेयर, अनुवादक, पशु चिकित्सक | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ख) | भू-उपग्रह केन्द्र | २५००।- | २५००।- | २५००।- | २५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ग) | सामान ढुवानीकर्ता कम्पनी/सप्लायर्स तथा शेयर दलाल | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| घ) | संस्थागत पेन्टर | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ङ) | साईनबोर्ड बनाउने पेन्टिङ्ग सेवा | २०००।- | २०००।- | २०००।- | २०००।- |
| च) | माग भए अनुसार फिल्डमा खटिएर रूख, काठ, दाउरा चिरान/कटान गरिने प्रकृतिका व्यवसाय | - | - | ३०००।- | ३०००।- |

## ५.१३. संघ, संस्था, समिति/समूह

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | अन्तर्राष्ट्रिय गैह्रसरकारी संघ/संस्था सूचिकृत | ८०००।- | ८०००।- | ८०००।- | ८०००।- |
| ख) | गैह्रसरकारी संघ/संस्था | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ग) | अन्य सेवामुलक संघ/संस्था (शाखा कार्यालय) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| घ) | टोल सुधार/उपभोक्ता समिति/विकास समिति | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ङ) | पानी मुहान दर्ता (उपभोक्ता समिति मार्फत्) | १५००।- | १५००।- | १५००।- | १५००।- |
| च) | कृषक समूह, आमा समूह, बाल समूह/अन्य | ५००।- | ५००।- | ५००।- | ५००।- |

## ५.१४. उद्योग

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| १ | **उद्योगः कृषि, वनजन्य उद्योग/फर्म** | | | | |
| क) | सःमिल (टुना काठ कटान, चिरान प्रकृतिका अन्य) | ६०००/- | ६०००/- | ६०००/- | ६०००/- |
| ख) | फर्निचर/मेटल उद्योग (निर्माण, खरिद, बिक्री) | ४०००/ | ४०००/- | ४०००/- | ४०००/- |
| ग) | राइस मिल | ३०००/ | ३०००/- | ३०००/- | ३०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| घ) | अदुवा, कुचो उद्योग तथा संकलन, खरिद बिक्री केन्द्र | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ङ) | अलैंची/चिरैतो संकलन तथा खरिद बिक्री केन्द्र | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| च) | विभिन्न घरेलु कृषि विषादी निर्माण तथा बिक्री | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| छ) | अल्लो, कपास, नेपाली/पहाडे कागज उद्योग | १५००।- | १५००।- | १५००।- | १५००।- |
| ज) | लघु/घरेलु उद्योग (कृषिमा आधारित किटनाशक विषादी तेल उत्पादन समेत) | ७००।- | ७००।- | ७००।- | ७००।- |
| झ) | कृषि/पशुपंक्षि उत्पादक फर्म (कृषि उपज, तरकारी, फलफूल, टिमुर खेती, सिस्नु खेती, एवम् कृषि/पशु उत्पादनसंग सम्बन्धि अन्य) | ५००।- | ५००।- | ५००।- | ५००।- |
| २ | **उद्योगः निर्माण उद्योग** | | | | |
| क) | ब्लक, ईटा उद्योग | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ख) | ग्रील उद्योग | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ग) | ढुङ्गा, गिट्टी, बालुवा क्रसर उद्योग | १५०००। | १५०००। | १५०००। | १५०००।- |
| ३ | **उद्योगः सेवा उद्योग** | | | | |
| क) | छापाखाना, अपसेट प्रिन्टिङ्ग प्रेस लगायत टाईपिङ्ग, प्रिन्टिङ्, स्क्यानिङ्, फोटोकपी सेवा समेत | ४५००। | ४५००।- | ४५००। | ४५००।- |
| ख) | टाईपिङ्ग, प्रिन्टिङ्, स्क्यानिङ्, फोटोकपी सेवा | १०००।- | १०००।- | १०००।- | १०००।- |
| ४ | **उद्योगः अन्य उद्योग** | | | | |
| क) | खानेपानी प्रशोधन गर्ने उद्योग व्यवसायमा | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ख) | कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गईरहेको वा अन्य माल सामान प्रयोग वा प्रशोधन गरी मालसामान उत्पादन गर्ने उद्योग व्यवसायमा | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ग) | पाउरोटी/बेकरी उद्योग | २०००।- | २०००।- | २०००।- | २०००।- |
| घ) | भेन्टिलेसन उद्योग | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ङ) | पानी घट्ट | ३००।- | ३००।- | ३००।- | ३००।- |
| च) | इलेक्ट्रिक राइस/फ्लोर (पीठो) मिल | १०००।- | १०००। | १०००। | १०००।- |
| ५ | **उद्योगः उर्जामूलक उद्योग** | | | | |
| क) | जलविद्युत आयोजना (५०० किलोवाटसम्म) | १००००।- | १००००। | १००००। | १००००।- |
| ख) | जलविद्युत आयोजना (५०१ किलोवाट देखि | १५०००।- | १५०००। | १५०००। | १५०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | १ मेगावाटसम्म) | | | | |
| ग) | जलविद्युत आयोजना (१ मेगावाट भन्दा बढीलाई प्रति मेगावाट थप) | १२०००।- | १२०००। | १२०००। | १२०००।- |
| घ) | जलश्रोत, वायु, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |

## ५.१५. संचार सेवा

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | निजी क्षेत्रको कुरियर सेवा | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ख) | टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट फोटोकपी सेवा | २०००।- | २०००।- | २०००।- | २०००।- |
| ग) | केबुल नेटवर्किङ्ग (ग्राहक संख्याका आधारमा वार्षिक) | ५०००।- सम्म | ५०००।- सम्म | ५०००।- सम्म | ५०००।- सम्म |

## ५.१६. बैंक/वित्तीय संस्था/सहकारी/विमा/लघुवित्त सेवा व्यवसाय (नेपाल सरकारको स्वामित्वमा रहेको बाहेक)

| क्र.सं. | निकायहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | वाणिज्य बैंक | ८०००।- | ८०००।- | ८०००।- | ८०००।- |
| ख) | विकास बैंक | ७०००।- | ७०००।- | ७०००।- | ७०००।- |
| ग) | वित्तीय कम्पनीको मुख्य कार्यालय | ७०००।- | ७०००।- | ७०००।- | ७०००।- |
| घ) | वित्तीय कम्पनीको शाखा कार्यालय | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ङ) | मनी ट्रान्सफर सेवा | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| च) | वीमा कम्पनीको शाखा कार्यालय | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| छ) | बिदेशी मुद्रा सटही | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ज) | धितोपत्र कारोबार | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| झ) | सहकारी बैंक | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ञ) | बचत तथा ऋण सहकारी संस्था लि | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ट) | बहुउद्देश्यीय सहकारी संस्था लि | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ठ) | कृषि तथा पशु पन्छी सहकारी संस्था लि. | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

## ५.१७. स्वास्थ्य सेवा व्यवसाय

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | बार्षिक नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | बार्षिक नवीकरण शुल्क रू. |
| क) | गैह्रसरकारी अस्पताल/नर्सिङ होम | ६०००।- | ६०००।- | ६०००।- | ६०००।- |
| ख) | मेडिकल/औषधी पसल (डाक्टर र ल्याव सेवा सहित) | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| ग) | मेडिकल/औषधी पसल | ४५००।- | ४५००।- | ४५००।- | ४५००।- |
| घ) | अन्य/डेण्टल केयर समेत | ४५००।- | ४५००।- | ४५००।- | ४५००।- |

## ५.१८. शिक्षा सेवा व्यवसाय

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क | दर्ता शुल्क रू. | नवीकरण शुल्क |
| क) | निजी क्षेत्रका विद्यालय | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ख) | निजी क्षेत्रका क्याम्पस | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| ग) | तालिम तथा अनुसन्धान केन्द्रको शाखा | ४०००।- | ४०००।- | ४०००।- | ४०००।- |
| घ) | सबै प्रकारका भाषा प्रशिक्षण केन्द्रको शाखा विस्तार (टाईपिङ्ग,/कम्युटर प्रशिक्षण समेत) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |

## ५.१९. होटल व्यवसाय

| सि.नं. | होटल व्यवसायको स्तर (दर्ता/सूचिकृत) | २०८१/०८२ को दर्ता/सुचिकृत | २०८१/०८२ को नवीकरण | २०८२/०८३ को दर्ता/सुचिकृत | २०८२/०८३ को नवीकरण |
|---|---|---|---|---|---|
| क) | रिसोर्ट सेमिनार हल सहितको | १००००।- | १००००।- | १००००।- | १००००।- |
| ख) | पर्यटक, आवास, मोटेल, होटेल, रेष्टुरा, रिसोर्ट, ट्राभल एजेन्सी, स्कीइङ, ग्लाइडिङ, वाटर र्याफ्टिङ, पोनी ट्रेकिङ, | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| | पदयात्रा, हटएयर ब्यालुनिङ, प्यारा सेलिङ, गल्फकोर्ष, पोलो, अश्वारोहण, ट्रेकिङ तथा ट्राभल एजेन्सी | | | | |
| ग) | होटल तालिम सञ्चालन गर्ने होटल/इस्टिच्युट | ५०००।- | ५०००।- | ५०००।- | ५०००।- |
| घ) | होटल एण्ड लज (सेमिनारहल उपलब्ध) | ४५००।- | ४५००।- | ४५००।- | ४५००।- |
| ङ) | खाना/खाजा, चिया,नास्ता पसल | २५००।- | २५००।- | २५००।- | २५००।- |

### ५.२०. मर्मत संभार सेवा व्यवसाय

| क्र.सं. | वस्तुहरू | आ.व.२०८१/०८२ | | आ.व.२०८२/०८३ | |
|---|---|---|---|---|---|
| | | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. | दर्ता शुल्क रू. | नवीकरण शुल्क रू. |
| क) | ठूला साना सबै प्रकारको सवारी साधन/मेशिनरी वस्तुको मर्मत सम्भार तथा सोका पार्टपूर्जाको उपलब्धता समेत | ४५००।- | ४५००।- | ४५००।- | ४५००।- |
| ख) | मोटर साईकल, साईकल (दुई पाङ्ग्रे) | ३०००।- | ३०००।- | ३०००।- | ३०००।- |
| ग) | पानी तान्ने मोटर, फ्रिज, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स सामाग्री तथा अन्य | २५००।- | २५००।- | २५००।- | २५००।- |
| घ) | रेडियो, टि.भी., घडी, अन्य विद्युतीय सामान तथा साधारण किचेन सामग्री) | १५००।- | १५००।- | १५००।- | १५००।- |

**अनुसूची-५**

(दफा ६ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**६. सवारी साधन करका दरहरू**

| क्र.सं. | सवारी दर्ता तथा बार्षिक सवारी कर | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| क) | ठेला, रिक्सा, टाँगा तथा यस्तै प्रकृतिका अन्य साधन | रू.२००।- | रू.२००।- |

**अनुसूची– ६**

(दफा ७ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**७. विज्ञापन करका दरहरू**

| क्र.सं. | वस्तु तथा सेवाहरू | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| क) | भित्ते लेखन/कपडाको व्यानर वनाई बिज्ञापन गरे वापत प्रतिवर्ग मिटर | रू.३०।- | रू.३०।- |
| ख) | पसलमा राखिएको स्थायी होडिङ बोर्ड/साईनबोर्डमा बार्षिक प्रतिवर्ग फिट | रू.३५।- | रू.३५।- |
| ग) | होडिङ बोर्ड तथा डिपिएस बोर्ड अरनिको राजमार्ग र बजारक्षेत्र (पिच सडक) बार्षिक प्रतिवर्ग फिट | रू.८०।- | रू.८०।- |
| घ) | होडिङ बोर्डको राजमार्ग बाहेक अन्य क्षेत्र र सडक बार्षिक प्रतिवर्ग फिट | रू.४५।- | रू.४५।- |

**अनुसूची– ७**

(दफा ८ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**८. मनोरञ्जन करका दरहरू**

| क्र.सं. | वस्तु तथा सेवाहरू | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| क) | सिनेमाहल तथा भिडियो हलको प्रवेश टिकटमा प्रवेश शुल्कको | २ प्रतिशत | २ प्रतिशत |
| ख) | सांस्कृतिक प्रदर्शन हल तथा थियटरको प्रवेश टिकटमा प्रवेश शुल्कको | २ प्रतिशत | २ प्रतिशत |
| ग) | सांगितिक कार्यक्रम तथा अन्य मनोरञ्जनात्मक कार्यक्रम प्रदर्शन स्थलहरूमा (प्रवेश टिकटमा) प्रवेश शुल्कको | २ प्रतिशत | २ प्रतिशत |

| | | | |
|---|---|---|---|
| घ) | ऐतिहासिक स्थल, पुरातात्विक स्थल, एवं धार्मिक महत्वका सम्पदाका स्थलहरूमा (प्रवेश टिकटमा) प्रवेश शुल्कको (ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा नेपाली नागरिकलाई कुनै शुल्क लिईने छैन्) | २ प्रतिशत | २ प्रतिशत |
| ङ) | नगर क्षेत्रभित्र देखाईने जादु, सर्कस, चटक आदिमा प्रतिदिन | रू. ५००।- | रू. ५००।- |
| च) | नगर क्षेत्रभित्र लगाईने व्यावसायिक भिडियो कर (प्रति भिडियो प्रतिबर्ष) | रू.५००।- | रू.५००।- |
| छ) | नृत्य सेन्टर | रू.१५००।- | रू.१५००।- |

**अनुसूची– ८**

(दफा ९ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**९. बहाल बिटौरी शुल्क (अस्थायी हाटबजार वा घुम्ती पसल पटके)**

| क्र.सं. | वस्तु, सेवा तथा मालसामान | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| क) | घुम्ती (मोबाइल) पसल, खुन्चा समेतमा | १००।- | १००।- |
| ख) | चौपाया प्रतिगोटा | ५०।- | ५०।- |
| ग) | हाँस कुखुरा प्रतिगोटा | १०।- | १०।- |
| घ) | सागसब्जी फलफूल पसल | ५०।- | ५०।- |
| ङ) | अन्य (मालवस्तुको प्रकृति अनुसार) | रू.५।- देखि रू.१००। | रू.५।- देखि रू.१००। |
| च) | जादु/सर्कस शुल्क (प्रतिदिन) | रू.६००।- | रू.६००।- |
| छ) | बाह्य पटके सवारी साधन मार्फत् सडक व्यापारी | प्रतिदिन रू.५००।- | प्रतिदिन रू.५००।- |
| क) | हाट बजार कर वार्षिक | १० प्रतिशत | १० प्रतिशत |
| ख) | हाट बजार भित्रको पसल कर वार्षिक रू. | ५००।- | ५००।- |
| ग) | सरकारी जग्गामा बनाएको पक्की घर, टहरा | प्रति घर आवश्यकता हेरी | प्रति घर आवश्यकता हेरी |
| घ) | सरकारी जग्गा उपभोग गरेवापत प्रति रोपनी (बार्षिक) रू. | २०००।- | २०००।- |

## अनुसूची– ९

(दफा १० संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**१०. ट्रेकिङ, कायाकिङ, क्यानोइङ्ग, बन्जी, जम्पिङ, जिपफ्लाइङ्ग, र्‍ न शुल्क तथा दस्तुर**

| क्र.सं. | पर्यटन शुल्कको विवरण | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| क) | बाहविसे नगरकार्यपालिकाले तोके बमोजिम हुने छ। | | |

## अनुसूची– १०

(दफा ११ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**११.क) सेवा शुल्क तथा दस्तुर दर**

| १ | **नक्सापास दस्तुर (शहरी क्षेत्रमा)** | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| | आर.सी.सी. ढलान घर-तीन तला सम्म (प्रति वर्गफिट)<br>आर.सी.सी. ढलान घर-तीन तला भन्दा माथि प्रति वर्गफिट<br>आर.सी.सी बाहेक पक्की घर प्रतिवर्गफिट<br>फुस, टिन छाना/टहरा भएको घर प्रतिवर्गफिट<br>(नक्शापास नगरी घर बनाएमा १००% जरिवाना लाग्ने छ) | रू ८।-<br>रू १२।-<br>रू ६।-<br>रु. १।- | रू ८।-<br>रू १२।-<br>रू ६।-<br>रु. १।- |
| २ | **नक्सापास दस्तुर (ग्रामीण क्षेत्रमा)** | | |
| | आर.सी.सी ढलान घर प्रतिवर्ग फिट<br>आर.सी.सी. बाहेकका पक्की घर प्रतिवर्ग फिट<br>फुस, टिन छाना/टहरा भएको घर प्रतिवर्ग फिट<br>➢पुनश्चः स्वीकृती नलिई बनाएकोमा ५०% थप जरिवाना लाग्ने छ ।<br>➢ग्रामिण क्षेत्रमा ३ तल्ला भन्दा माथि निर्माण भए शहरी क्षेत्र वरावर हुनेछ । | रू ६।-<br>रू ४।-<br>रू १।- | रू ६।-<br>रू ४।-<br>रू १।- |
| ३ | नक्शा पास/निर्माण सम्पन्न नामसारी गर्नु पर्दा हाल कायम | नक्सापास दस्तुरको १०% वा रू. १५००।- मध्ये (जुन | नक्सापास दस्तुरको १०% वा रू. १५००।- मध्ये |

| | | | |
|---|---|---|---|
| | | बढी हुन्छ) | (जुन बढी हुन्छ) |
| ४ | प्रमाण-पत्र प्रतिलिपी दस्तुर (नक्सा पास र निर्माण सम्पन्न) | २५००।- | २५००।- |
| ५ | प्लिन्थ लेवल भन्दा माथि नक्शा पास/निर्माण सम्पन्न विलम्व दस्तुर | २५००।- वा राजश्वको २५% मध्ये (जुन बढी हुन्छ) | २५००।- वा राजश्वको २५% मध्ये (जुन बढी हुन्छ) |

पुनश्चः विपद् (भूकम्प/बाढी पहिरो/आगलागी मात्र) मा परेका पिडीतहरूको घर बनाउन नक्सा पास गर्नु परेमा ८०% छुट दिइनेछ ।

११.ख) सेवा शुल्क/दस्तुर (व्यवस्थापन सम्बन्धी)

| क्र.सं | वस्तु तथा सेवाहरू | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| क) | नगर दररेट किताव प्रति गोटा | रू.२००।- | रू.२००।- |
| ख) | नक्सा किताव (प्रति गोटा) | रू. ५००।- | रू. ५००।- |
| ग) | घर जग्गा छुट्याउनको लागि अमिन शुल्क | रू.१०००।- | रू.१०००।- |
| घ) | सञ्चार/टेलिफोन टावर स्वीकृत र सिफारीस | रू.६५००।- | रू.६५००।- |
| ङ) | एफएम स्टेशन/केवुल/सिफारीस | रू.३५००।- | रू.३५००।- |
| च) | बोट बिरूवा (नर्सरी) सबै प्रकारको प्रति गोटा | रू.०।५० | रू.०।५० |
| छ) | ढुङ्गा (वडामा संकलित वाल लगाउने) प्रति घन फिट | रू.१५०।- | रू.१५०।- |
| ज) | कवाडी मालसामान (फलामे तथा अन्य सामग्री) आन्तरिक निकासी छोडपूर्जी प्रति कि.ग्रा. | रू.०।२२ | रू.०।२२ |
| झ) | डेरी वस्तु (दूध, दही, घ्यू/नौनी घ्यू, छुर्पी, पनिर, अन्य) आन्तरिक निकासी छोडपूर्जी प्रति कि.ग्रा. | रू.२।- | रू.२।- |
| ञ) | ढुङ्गा, गिट्टी, बालुवा निकासी/ढुवानी स्थानीयकर प्रति घन फिट | रू.९।- | रू.९।- |
| ट) | स्टक प्रमाणित (नदीजन्य पदार्थः ढुङ्गा, गिट्टी, बालुवा, अन्य) | | |
| | १) बालुवा प्रशोधित प्रति क्यू.मी. | - | रू.०।२५ |
| | २) बालुवा अप्रशोधित प्रति क्यू.मी. | - | रू.०।२० |
| | ३) चिप्स प्रति क्यू.मी. | - | रू.०।२० |
| | ४) रोडा प्रति क्यू.मी. | - | रू.०।२० |
| | ५) ढुङ्गा प्रति क्यू.मी. | - | रू.०।१० |
| ठ) | फिल्मी सुटिङ्ग स्थलहरूको अनुमती सिफारीस दस्तुर प्रति पटक | रू.५५००।- | रू.५५००।- |
| ड) | फोहोर मैला संकलन शुल्क मासिक | रू. १००।- | रू. १००।- |
| ढ) | माटो (रातो/कालो/सेतो) प्रति ट्रिप/पटक | रू. ५००।- | रू. ५००।- |
| ण) | स्थानीय सडक निर्माणका लागि उत्पादित कच्चा पदार्थ बेस | रू. २०।- | रू. २०।- |

| | | | |
|---|---|---|---|
| | (प्रति घ.फि.) | | |
| त) | टेण्ट तथा क्याटरिङ्ग सर्भिस | २५००।- | २५००।- |
| थ) | सभाहल सञ्चालन (व्यवसायिक प्रयोजनका लागि) | ६०००।- | ६०००।- |
| द) | सभाहल भाडा प्रतिदिनको | २५००।- | २५००।- |
| ध) | व्यायमशाला सेन्टर | २५००।- | २५००।- |
| न) | व्यवसाय/फर्म/उद्योग/समूह/ समिति दर्ता प्रमाणपत्र प्रतिलिपी/नामसारी/बन्द खारेज/संशोधन गरे वापतको सेवा शुल्क (प्रति पटक/गोटा/संख्या) | रू.७००।- | रू.७००।- |
| प) | जग्गा नापजाँच शुल्क (नगरपालिका भित्र) प्रति कित्ता | १५००।- | १५००।- |
| फ) | जग्गा नापजाँच शुल्क (नगरपालिका बाहिर) प्रति कित्ता | ३०००।- | ३०००।- |
| ब) | ढुवानी सेवा व्यवसाय (खाद्य सामग्री लगायतका विविध) | रू.५००।- | रू.१०००।- |
| भ) | क. साधारण निवेदन दर्ता दस्तुर<br>ख. मालसामान आपूर्तिकर्ता व्यवसायिक कारोबार, अन्य (सूचिकृत प्रयोजन) | रू.५०।-<br>रू. १००।- | रू.५०।-<br>रू. १००।- |

**११.ग) सेवा शुल्क/दस्तुर (विभिन्न सिफारीस तथा प्रमाणिकरण)**

| क्र.सं. | सिफारीस शुल्क/दस्तुर | २०८१/०८२ | २०८२/०८३ |
|---|---|---|---|
| क) | नागरिकता सिफारिस प्रति गोटा | रू.१००।- | रू.१००।- |
| ख) | नागरिकताको प्रतिलिपी सिफारिस प्रति गोटा | रू.१००।- | रू.१००।- |
| ग) | अङ्गिकृत नागरिकता सिफारीस | रू.२००।- | रू.२००।- |
| घ) | नाम, थर, जन्म मिति संशोधन सिफारीस | रू.२००।- | रू.२००।- |
| ङ) | कुनै व्यक्तिको नाम, थर, वतन, जन्म मिति फरक भएमा सो व्यक्ति एकै हो भन्ने सिफारीस | रू.१००।- | रू.१००।- |
| च) | घरजग्गा अचल सम्पत्ती स्वः मूल्यांकन (प्रति १०००।-रूपैयाँको रू.१।- का दरले) | रू. ०।१% | रू. ०।१% |
| छ) | जग्गाधनी प्रमाण पुर्जा हराएको सिफारीस | रू.५००।- | रू.५००।- |
| ज) | बिदेशी पेन्सन पट्टाको सिफारिस | रू.५००।- | रू.५००।- |
| झ) | अंग्रेजी भाषामा गरिने (मूल्यांकन बाहेक) विभिन्न सिफारिस | रू.५००।- | रू. ५००।- |
| ञ) | उद्योग स्थापनाको लागि सिफारिस | रू.१०००।- | रू.१०००।- |
| ट) | विविध सिफारिस (माथि उल्लेखितमा नपरेका) प्रति रू. १०० देखि रू.१००० सम्म | प्रकृति अनुसार | प्रकृति अनुसार |
| ठ) | **विशेष सिफारिसहरु** (छात्रवृत्ति सिफारिस, सामाजिक सुरक्षा कार्यक्रमका लागि नामावली सिफारिस, प्राकृतिक प्रकोप पिडित राहत सिफारिस, असक्त अपाङ्ग परिचय पत्रको सिफारिस, असहाय, | निःशुल्क | निःशुल्क |

| | | | |
|---|---|---|---|
| | <u>असक्त आर्थिक सहायता सिफारिस</u>) | | |
| ड) | प्रमाणिकरण दस्तुर (सबै प्रकारको) प्रति गोटा | रू.५००।- | रू.५००।- |
| ढ) | घर-बाटो सिफारीस प्रति | - | रू.२००।- |
| ण) | व्यक्तिगत घटना (जन्म, बिबाह, सम्बन्ध विच्छेद, मृत्यु, बसाइसराइ) (घटनाको ३५औं दिन भित्र) | निःशुल्क | निःशुल्क |
| त) | व्यक्तिगत घटना दर्ता (घटनाको ३५औं दिन पछि) | रू.३००।- | रू.३००।- |
| थ) | व्यक्तिगत घटना दर्ता प्रतिलिपी/अन्य सबैको प्रतिलिपि | रू.५००।- | रू.५००।- |

## अनुसूची– ११

(दफा १२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

### १२. पर्यटन शुल्क

| क्र.सं. | पर्यटन शुल्कको विवरण | आ.व.२०८१/०८२ | आ.व.२०८२/०८३ |
|---|---|---|---|
| क) | बाह्रविसे नगरकार्यपालिकाले तोके बमोजिम हुने छ। | | |

## अनुसूची– १२

(दफा १३ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

### १३. वन पैदावार काठ, दाउरा, जडिबुटी एवम् जीवजन्तु कर

| | | |
|---|---|---|
| १ | निजी वनजङ्गलबाट उत्पादित सबै प्रकारका रूख/ काठ बिक्री वापतको स्थानीय शुल्क/दस्तुर प्रति क्यू.फी. | कटान, चिरान हुने रूख/काठको परिमाणको वन नियमावली, २०७९ (संशोधित २०८० समेत) मा तोकिएको राजश्व दररेटलाई सत् प्रतिशत मानी सोको ५ (पाँच) प्रतिशतले हुने रकम कटान अनुमती पाउनेले बाह्रविसे नगरपालिका कार्यालयलाई बुझाउनु पर्नेछ । |
| २ | निगाला प्रतिगोटा | रू.०.५ |
| ३ | बाँस प्रति गोटा | रू.२.० |

हाल रहेको तपशिल अनुसारको जडिबूटीको दररेट वन नियमावली, २०७९ (संशोधित २०८० समेत) को रहेकोले यी वस्तुहरूको दररेटलाई सत् प्रतिशत (१००%) मानी प्रत्येकमा ५%(पाँच) प्रतिशतको दररेट लगाइनेछ ।

| क्र. सं. | नेपाली नाम | वैज्ञानिक नाम (अंग्रेजी नाम) | दस्तुर प्रति के.जी. रू. | | क्र. सं. | नेपाली नाम | वैज्ञानिक नाम (अंग्रेजी नाम) | दस्तुर प्रति के.जी. रू. |
|---|---|---|---|---|---|---|---|---|
| | **क) जरा तथा गाने जाति** | | | | | | | |
| १ | अनन्तमूल | Hemidesmus indiicus | १० | | २ | अतिस | Aconiturn heterophyllum/Delph | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | inium himalayal | |
| ३ | असारे फूल | Mussaenda frondosy | ८ | ४ | यन्द्रेणी | Citrullus colosynthis, Trichosanthes wallichiana | १० |
| ५ | उन्यू | Dryopteris filix-mas.D.cochleata | ८ | ६ | कचूर/वन हलेदी | Curuma Zedoaria | ५ |
| ७ | काकोली/बेत लौरी | Fritillaria cirrhosa, Roscoea | ५ | ८ | कामराज | Helminthostachys zeylanica | ६ |
| ९ | कुकर तरूल, वन तरूल, भ्याकुर | Diascores spp. | १५ | १० | कुचिला | Strychnos nux-vomica | ७ |
| ११ | कुड्की | Neo-picrorhizs scrophulariifolia | १५ | १२ | कुरिलो/सतावरी | Asparagus spp. | ५ |
| १३ | खसखस/उशीर | Vetiveria zizanioides | १० | १४ | गुनरगानो | Stephania spp. | ५ |
| १५ | गुर्जो/गुडुची | Tinospora sinensis, T.cordifolia | ५ | १६ | गोकुलधुप | Comphora Mukul | ५ |
| १७ | चुत्रो/दारूहल्दी | Berberis spp | ८ | १८ | जटामसी | Nardostachy grandiflora | २० |
| १९ | जमानेमान्द्रो | Mahonia napaulensis | ५ | २० | टुकीफूल | Tarxacum officinale | ५ |
| २१ | नागमोथे, मोथ | Cyperus spp | ५ | २२ | निरमसी/निरविषी | Dactylorhiza hatagirea | ५० |
| २३ | पदमचाल/अमलवेद | Rheum austral | १० | २४ | पाखनवेद/पाषाणभेद | Bergenia ciliate | ५ |
| २५ | पाँचऔले | Dactylorhiza hatagirea | १००० | २६ | पिपला/पिपली | Piper longum | १० |
| २७ | बज्रदन्ती | Potentilla fulgens | ५ | २८ | वन प्याज | | १० |
| २९ | वनमुला | Dipsacus inermis | १० | ३० | वनलसुन | Alliun wallichii | १० |
| ३१ | बाटुलेपाते | Cissampelos pareira | २ | ३२ | विदारीकन्द | Pueraria tuberose | २ |
| ३३ | विलौने | Maesa chisia | ५ | ३४ | विष,विषमा | Aconitum spp. | १० |
| ३५ | विषफेज | Polypodium vulgare | १० | ३६ | बोझो | Acorus calamus | ५ |
| ३७ | भुतकेश | Selinum tenuifolium | ५ | ३८ | ममिरा | Parnassia nubicola | ७० |
| ३९ | मसुली-कालो | Curculigo orchioides | ६ | ४० | मुसली-सेतो | Shlorophytum spp. | ५ |
| ४१ | लघुपत्र | Podophyllum hexandrum | ५ | ४२ | शटी | Hedychium spicatum, Curcuma edoaria | ५ |
| ४३ | सतुवा | Paris polyphylla | १५ | ४४ | सर्पगन्ध/चाँदमरूवा | Rauwolfia serpentinue | २० |
| ४५ | सातगठि | Panax pseudo-ginsing | ५० | ४६ | सिस्नु | Urica dioica | २ |
| ४७ | सुगन्धवाला | Valeriana jatamansi, V.wallichil | १५ | ४८ | सेतकचिनी/कुकुरडाइनो | Smilax spp. | ५ |
| | | | | **ख) बोका जाति** | | | |
| १ | अर्जुन | Terminalia arjuna | १० | २ | ओखर(काण्ड) | Juglans regia | १००० |
| ३ | ओखर (फल) | Juglans regia | ५ | ४ | अँगेरी | Lyonia ovalifolia | ५ |
| ५ | काफल | Myrica esculenta | १०० | ६ | कुदमेरो/काल्चुरी | Litsea spp | ५ |
| ७ | कोइरालो/कचनार | Bauhinia variegate | ५ | ८ | चुत्रो/दारूहल्दी | Berberis spp | ८ |
| ९ | छतिवन | Alstonia | १० | १० | जमानेमान्द्रो | Mahonia | ५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | scholaris | | | | napaulensia | |
| ११ | टटेलो/टोटला | Oroxylum indicum | ५ | १२ | टाँकी | Bauhinia purpurea | ५ |
| १३ | दार/दारगिठी | Boehmeria rugulosa | १० | १४ | धुपी | Juniperus spp | २५ |
| १५ | निम | Azadirachta indica | ५ | १६ | नेपाली दालचिनी/सिन्कौली | Cinnamomum tamala | ७ |
| १७ | पसाल | Butea monosperma | २० | १८ | पावन/पाउलो | Persea spp | १० |
| १९ | पैंयु | Prunus cerasoides | १० | २० | बकाइनो | Melia azedarach | २ |
| २१ | वनखिरों/कटुस | Holrrhena pubescens | ५ | २२ | विलौने | Maesa chisia | १० |
| २३ | भोजपत्र | Betula utilis | २० | २४ | भोर्ला | Bauhinia vahlii | २ |
| २५ | सल्ला | Pinus spp. | २ | | | | |
| **ग) पात/गाँठ जाति** | | | | | | | |
| १ | अदुवाघाँस | Ginger grass | १.०० | २ | अमलवेद/पदमचाल/चुल्ठे/अमसिलो/कराज चुल्ठो | Rheum austral | ५.०० |
| ३ | असुरो, अडुस, वासक | Justicia adhatoda | १.०० | ४ | उन्यू | Dryopteris fili-mas, D.coheleata | १.०० |
| ५ | गुडमार | Gymnema sylvestre | ५.०० | ६ | गुर्जोलहरा, गुडुची | Tinospora sinensis.T.cordifolia | २.०० |
| ७ | घ्यूकुमारी | Aloevera | ५.०० | ८ | चुम्लानी | Skimmia laureola | ०.५० |
| ९ | जगर, जिगर | Caryota urens | २.०० | १० | टोक्ला | | २.०० |
| ११ | ठिंगुरेसल्ला, ठिंगेसल्ला | Tsuga dumosa | २.०० | १२ | डालेचुक | Hippophae spp. | १.०० |
| १३ | तालिसपत्र | Abies spectabilis | ५.०० | १४ | तितेपाती | Artemisia spp. | १.०० |
| १५ | तेजपात | Cinnamomum tamala | १.०० | १६ | दुधेलहरा, सरीवा | | १.०० |
| १७ | घसिंग्रे, मछिनो, पटपटे | Gaultheria fragrantissim | १.०० | १८ | धुपी | Juniperus spp. | २.०० |
| १९ | नुनढिकी | Osyris spp. | १.०० | २० | मजिठो | Rubia manjith | ५.०० |
| २१ | मलाटा | Macaranga spp. | १.०० | २२ | मसला | Eucalyptus spp. | ०.२० |
| २३ | लेमनग्रास, सिटोनेला/पामारोजा | Cymbp[pgpm spp. | १.०० | २४ | लौठसल्ला | Taxus baccata/T.wallichiana | २५.०० |
| २५ | सिकाकाइ | Acacia ruguta/A.concinna | ३.०० | २६ | सिस्नु | Urtica dioica | १.०० |
| २७ | सुनपाती | Rhododendron anthopogon | ५.०० | २८ | सोमलता | Ephedra anthopogon | ५.०० |
| २९ | हिंगुवा, चियापाते | Camellia kissi | ०.५० | ३० | करिपत्ता | Murraya Koeinigii | १.०० |
| **घ) फूल तथा भूवा जाती** | | | | | | | |
| १ | असुरो,अडुस,वासक | Justicia adhatoda | १.०० | २ | आँकको भूवा | Calortopis gigantean | ४.०० |
| ३ | कोइरालो, कचनार | Bauhinia Variegate | ०.५० | ४ | गुराँस, चिमाल | Rhododendron spp. | २.०० |
| ५ | टटेलोफूल,टोटला | Oroxylum indicum | ३.०० | ६ | टुकिफूल | Taraxacum officinale | ५.०० |
| ७ | धैंयरो | Woodfordia fruticosa | १.०० | ८ | नागेश्वर,नारेश्वार | Mesua ferea | ५.०० |
| ९ | पदमपुष्कर, निनाइजडि | Iris nepalensis | ३.०० | १० | बुकीफूल | Gnaphalium spp.Anaphalis spp. | १.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११ | मौवा(तराई) | Engelhardtia spicata | ५.०० | | १२ | मौवा(पहाडी) | Magnolia grandiflora | २.०० |
| १३ | रूखकमल | Magnolia grandiflora | २५.०० | | १४ | सिमलको फूल | Bombax ceiba | ३.०० |
| १५ | सिमलको भुवा | Bombax ceiba | ४.०० | | १६ | सुनपाती | Rhododendron spp. | ५.०० |
| ङ) फल र बीज जाति | | | | | | | | |
| १ | अंडेर | Ricinus communis | २.०० | | २ | अमला | Phyllanthus emblica | १.०० |
| ३ | अस्ना, साज | Teminalia tomentosa | २.०० | | ४ | इन्द्रजौ | Holarrhena pubescens | १.०० |
| ५ | इन्द्रणी | Citrullus colosynthis, Trichosanthes wallichiana | ८.०० | | ६ | उत्तिस | Alnus nepalensis | ५०.०० |
| ७ | ओखर फल | Jugalans regia | ५.०० | | ८ | कन्टकारी | Solanum xanthocarpum | १.०० |
| ९ | काइयो फल, टकाली | Pavetta indica | ५.०० | | १० | काउसो | Pavetta indica | ५.०० |
| ११ | कालादाना | | ५.०० | | १२ | कुचिला | Strychnos num-vomica | २.०० |
| १३ | कुसुम | Schleichera oleosa | २.०० | | १४ | कोइरालो, कचनार | Bauhinia variegate | १.०० |
| १५ | खयर | Acaga catechu | २५.०० | | १६ | खोटेसल्लाको बीउ | Pinus roxburghii | २००.०० |
| १७ | चम्पावती, चाँप | Michelia champaca | ५०.०० | | १८ | चिउरी | Aesandra butyracea | ३.०० |
| १९ | चिलाउनेको गेडा | Schima wallichii | २००.०० | | २० | जामुन | Syzygium cumini | १.०० |
| २१ | जंगली गुलाव | Rosa serisea | ५.०० | | २२ | जंगली जिरा | Centratherum anthelminticum | ५.०० |
| २३ | जंगली ज्वाँनो | Apium graveolens | ५.०० | | २४ | टाप्रे | Cassia tora | १.०० |
| २५ | टिमुर | Zanthoxylum aarmatum | ८.०० | | २६ | डालेचुक | Hippophae spp. | ५.०० |
| २७ | ढालेकटुस | Castanopsis indica | १.०० | | २८ | तिगेरी | | ५.०० |
| २९ | देवदार | Cedrus deodara | १००.०० | | ३० | धतुरो | Datura spp. | २.०० |
| ३१ | धुपीको चेडा | Juniperus spp. | ३.०० | | ३२ | नागबेली | Lycopodium clavatum | ५०.०० |
| ३३ | नागेश्वर, नारेश्वर | Mesua ferrea | ५.०० | | ३४ | नीमको बीउ | Azadirachta indica | १.०० |
| ३५ | पलास | Butea monosperma | ५.०० | | ३६ | पांग्रा, लेक पांग्रा | Entada phaseoloides, Aesuculus indica | ५.०० |
| ३७ | पानी अमला | Nephrolepis cordifolia | १.०० | | ३८ | पिपला,पिपली | Peper longum | १०.०० |
| ३९ | पैयुको फल | Prunus cerasoides | २.०० | | ४० | बकाइनो | Melia azearach | १.०० |
| ४१ | वनकरेला | Herpetospermum pedunculosum | १.०० | | ४२ | बयर | Zizyphus mauritiana | २.०० |
| ४३ | बर्रो | Terminalia bellerica | २.०० | | ४४ | बेत | Calamus spp. | ५.०० |
| ४५ | बेल | Aegle marmelos | २.०० | | ४६ | भलायो | Semecarpus anacardium | २.०० |
| ४७ | भुजेत्रो, भुलेत्रो | Butea minor | ५.०० | | ४८ | मौवा (तराई) | Bassia latifolia | ३.०० |
| ४९ | मौवा (पहाडी) | Engelhardtia spicata | ३.०० | | ५० | रतीगेडी, लालगेडी | Abrus precataorius | ५.०० |
| ५१ | राजवृक्ष | Cassia fistula | २.०० | | ५२ | रामफल, आटी, सरिफा | Annona reticulate | २.०० |
| ५३ | रिठ्ठा | Sapindus mukorossi | ३.०० | | ५४ | रूखकमलको फल | Magnolia grandiflora | २५.०० |
| ५५ | रूद्राक्ष, भद्राक्ष | Elaeocarpus | ८.०० | | ५६ | रोहिणी, सिंदुरे | Mallotus | ५.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | spp. | | | | philippinensis | |
| ५७ | लप्सी | Choerospondias axillaris | ३.०० | ५८ | सजीवन | Jatropha curcas | २.०० |
| ५९ | सतिसाल | Dalbergia Latifolia | ३०.०० | ६० | सिंसौ | Dalbergia Sissoo | १५.०० |
| ६१ | सिकाकाई,रसुल्ला | Acacia rugata | ४.०० | ६२ | सिमलको फल | Bombax ceiba | ३.०० |
| ६३ | सिल्टीमूर | Lindera neesiana | २.०० | ६४ | सिताफल | Annana squamosal | २.०० |
| ६५ | सुगन्धकोकिला,मलायागेडी | Cinnamomum glaucescens | ७.०० | ६६ | हर्रो | Terminallia chebula | २.०० |
| | | | **च) बिरूवा जाति** | | | | |
| १ | एक्लेबीर | Lobelia pyramidalis | ५.०० | २ | कुमकुम | Didymocarpus cinereus | २.०० |
| ३ | गुच्ची च्याउ | Morchella spp. | ३००.०० | ४ | घोइताप्रे, ब्राहमी | Centella asiatica | १.०० |
| ५ | चावा | Piper chaba | १०.०० | ६ | चिराइतो | Swertia spp. | १५.०० |
| ७ | सुनाखरी, सुनगाभा, जीवन्ती, गामाडोल (पाँचऔले बाहेक) | Orchids | १००.०० | ८ | झ्याउ | Lichen | १५.०० |
| ९ | टाप्रे | Cassia tora | १.०० | १० | तितेपाती | Artemisia spp. | १.०० |
| ११ | द्रोणपुष्पी | Leucas cephalotus | १.०० | १२ | नागबेली | Lycopodium clavatum | १०.०० |
| १३ | पुदीना | Mentha spp. | २.०० | १४ | पुनर्नवा | Boerhavia diffusa | ८.०० |
| १५ | वनमारा | Eupatorium spp. | ०.१० | १६ | भृँगराज | Eclipta prostrate, E.alba | ०.५० |
| १७ | यासांगुम्वा | Cordyceps spp. | १००००.०० | १८ | साधारण च्याउ | Wild mushroom | ५.०० |
| १९ | सिलाजीनेला | Selaginella spp. | १.०० | २० | हडचुर | Viscum album, V.articulatum | ३.०० |
| २१ | हलहले | Rumex nepalensis | ३.०० | | | | |
| | | | **छ) गम, रेजिन, लोहवान जाति** | | | | |
| १ | काकरसिंगी | Insect gall on Pistacia integirrima | १०.०० | २ | मइन | Bee wax | ५.०० |
| ३ | मह | Bee honey | १०.०० | ४ | लाहा,लोहवान | Lac gum | ४०.०० |
| ५ | शिलाजित | Rock exudates/Asphaltum | ५०.०० | ६ | श्रीखण्ड(काठ) | Santalum album | २५.०० |
| ७ | सालधुप | Shorea robusta | १०.०० | ८ | हिंग | Ferula assafoetida | ४५.०० |

द्रष्टव्यः साइटीस (CITES) को अनुसूचीमा परेका प्रजातिहरूको हकमा प्रचलित कानून बमोजिम हुनेछ र सोको निर्यात प्रमाण पत्र दिंदा रू.१०००।- लाग्ने छ । गैह्र कानूनी तवरले ल्याइएको नेपालमा पाईने प्रजातीको हकमा सम्बन्धित मुलुकको राजस्व दस्तुरको पाँच गुणा मूल्य कायम गरिनेछ ।(श्रोतः वन नियमावली) ।

## अनुसूची– १३

(दफा १४ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२८(२) बमोजिम

**१४. ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्राभेल, रोडा, दहत्तर बहत्तर शुल्क**

| क.सं. | बाहविसे भोटेकोशी नदीजन्य पदार्थ; ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, रोडा, दहत्तर बहत्तर आय ठेक्का शुल्क | आर्थिक वर्ष २०८१/०८२ | आर्थिक वर्ष २०८२/०८३ को लागि स्वीकृत दररेट |
|---|---|---|---|
| | | (सम्झौता भएको शुल्क रकम) | वागमती प्रदेश सरकारको आर्थिक ऐन बमोजिमको दररेटमा बाहविसे नगरपालिकाको स्वीकृत IEE प्रतिवेदनमा उल्लिखित क्षेत्रबाट तोकिएको परिमाणमा नदीजन्य पदार्थ सामग्रीको बिक्री शुल्क रकम बाहविसे नगरकार्यपालिका/नगर सभाद्वारा स्वीकृत/पारित गरी आय ठेक्काको माध्यमबाट असुल उपर गरिनेछ । |
| | खण्ड-'क' | १२८९९१००।-(मु.अ.क.बाहेक) | |
| | खण्ड-'ख' | २५५००००।-(मु.अ.क.बाहेक) | |

**द्रष्टव्यः व्यापार/सेवामूलक व्यवसायको हकमा प्रत्येक आर्थिक वर्ष भित्र दर्ता नवीकरण गराइसक्नु पर्नेछ । अन्यथा, अर्को आर्थिक वर्ष शुरू भएको ३६औं दिन देखि १०%, ३ वर्षपछि १५% र ४ वर्ष वा सो भन्दा माथि २५% विलम्ब शुल्क समेत असुल उपर गरिने छ।**

**आज्ञाले,**
**ईश्वरी प्रसाद शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**

**प्रमाणिकरण मिति : २०८३।०३।०८**